CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

परमेश्वरको सत्ता

[वल अद्वैत विश्वविद्यालय नेपालको पाठ्यग्रन्थ]

निष्ठ डा. के. सो. चक्रवर्ती
र्थवित् गोविन्दराम "सरस्वती"
त रत्न सागर देशिकोत्तम

द्वैत संस्था नेपाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDP

परमेश्वरको सत्ता

वेदान्त-दर्शन

वेदान्त

तीन महत्वपूर्ण प्रवचन

अद्वैत संस्था नेपाल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशक :

"स्वरूप ज्ञापक" अद्वैत विश्वविद्यालय

खुदीवेनी (ज्ञानभूमि) लमजुङ्ग

गण्डकी अञ्चल (नेपाल)

मोक्षदा एकादशी

गीता जयन्ती

२०२७

प्रथम प्रकाशन

१००० प्रति

सर्वाधिकार :

अद्वैत संस्था नेपाल

मूल्य रू. २।-

मुद्रक :

भारती प्रेस, नारायणगढ़ (नेपाल)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२८४३

प्रकाशकीय :

आधुनिक युगमा वेदान्त दर्शनको महत्व ... ५

भक्ति–सर्वस्व २४

परमेश्वरको सत्ता ३५

~

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशकीय

(१) गण्डकी अञ्चलाधीश श्री कृष्णमान श्रेष्ठज्यूको सभापतित्वमा जिल्ला प्रशासकीय भवन पोखरामा "स्वरूपज्ञापक" अद्वैत वि० वि० का रजिष्ट्रार श्री सागर श्रेष्ठले दिनु भएको परमेश्वरको सत्ता भन्ने प्रवचनमा ईश्वरीय सत्ता हुभन चाहने महानुभावहरूले ईश्वरीय तत्त्व सर्व व्यापक भए तापनि ज्यादै सूक्ष्मतम भएको हुनाले पारमार्थिक सत्य वस्तुलाई देख्ने अथवा हेर्ने एकमात्र साधन हो बुद्धि [अन्तःकरण] त्यै बुद्धिलाई ज्यादै सूक्ष्म तुल्याउनु पर्छ तब मात्र परमेश्वरको सत्ताको दर्शन मिली हाल्छ ; बुद्धिलाई सूक्ष्म तुल्याउनको लागी सात्विक खाना, सात्विक लाउनु, सात्विक व्यवहार, सात्विक भावना, सात्विक कल्पनाको आवश्यक पर्दछ र इन्द्रिय हरूलाई स्वेच्छाचार हुन नदिए पछि चित्त शुद्ध हुन्छ र अखण्डाकार वृत्ति प्राप्त हुन्छ र मन, बुद्धिको साक्षारूपले आफ्नै हृदय भीत्र सर्व शक्तिमान परमात्मा विराजमान भएको परमेश्वरको सत्तालाई सजिलो संग देख्न अथवा हुभन सक्ने क्षमता प्राप्त हुन्छ भन्ने कुराको दिग्दर्शन गरिएकोछ ।

(२) अद्वैत संस्थाका के० सभापति श्री गोविन्दराम "सरस्वती" ज्यूले "स्वरुप ज्ञापक" अद्वैत वि. वि. मा दिनु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएको भक्ति सर्वस्व प्रवचनमा विना ईच्छाले पनि बेलामा सुख दुःख दिने दाता जगतको निर्माणकर्ता अवश्य हुनु हुन्छ भन्ने कुरा सुस्पष्टरूपले देखाउनु भएको छ। उनै नियन्ता परमात्मालाई आस्तिक संस्कारवान मानिस हरूले दुई प्रकारले उपासना गरेका हुन्छन्। जस्को शरीरमा अभिमान छ उसले ईश्वरलाई रूपधारी बनाई सगुण परमात्माको उपासना गर्दछ र जस्को शरीरमा अभिमान छैन उसले निर्गुण परमात्माको उपासना गर्दछ। सगुण उपासना भन्दा निर्गुण उपासना धेरै गुना ठूलो हो र गीताजीमा यसैलाई ज्ञानीभक्तको संज्ञा दिएको छ। यी ज्ञानीभक्तले केही क्षण पछि आफनू वास्तव स्वरूप निर्गुण ब्रह्मलाई सम्यक प्रकारले जानी परम पद प्राप्त गर्न सक्छ भन्ने कुराको सुस्पष्टरूपले ज्ञापन गर्नु भएकोछ।

(३) अद्वैत संस्थाका सम्मान्य संस्थापक एवं अखिल अद्वैत वि. वि. का कुलपति श्रोत्रिय ब्रह्मनिष्ठ डा० क्षितीशचन्द्र चक्रवर्तीज्यूले त्रिभुवन वि० वि० मा दिनु भएको आधुनिक युगमा वेदान्त दर्शनको व्यावहारिक महत्व भन्ने प्रवचनमा भौतिक विकाश चरम सिमामा पुगी सकेर धेरै सूक्ष्मातिसूक्ष्म पदार्थहरूको ज्ञान र आविस्कार गरि सकेर पनि कसैलाई सुख शान्तिको अनुभव भएको छैन, झन दुःखको अनुभव बढ्दै गैराखेको छ। त्यसकारण वर्तमान युगमा वेदान्त दर्शनको नितान्त आवश्यक छ। किनकि सुखाभि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लापी महानुभावहरूको हातमा यो आधुनिक युगमा वेदान्त दर्शनको व्यावहारिक महत्व प्रवचन हातगत नभएको हुनाले चित्तलाई चलाएमान गराई शान्ति सुखको अनुसन्धान गरि राखेका छन् त्यसरी नै ईश्वरलाई पनि घट जस्तै अपरोक्षरूपले देख्न खोजिराखेका पनि छन् यस्तो अन्तरात्म भगवान घट जस्तो देखिने वस्तु होईन। घटलाई अथवा कुनै जगत प्रपञ्चलाई देख्न चाहन्छ भने त्रिपुटीको आवश्यक पर्दछ। (जगत, जगतलाई देखि राख्नु र जगतलाई देख्ने वाला यसरी त्रिपुटी पूर्वक जगतको ज्ञान हुन्छ)।

तर अन्तरात्म भगवानलाई जान्नको लागी त्रिपुटी को आवश्यक छैन वरू त्रिपुटीको अभाव भए भगवानको दर्शन मिल्ने। कसरी? दृश्य नभएको हुनाले आफू त्रिपुटीको द्रष्टा (साक्षी) जस द्वारा जगत (प्रमेय), जगतलाई देखि राख्नु (प्रमाण) र जगतलाई देख्नेवाला (प्रमाता) यी तिनै कुरालाई जानी राखेको छ उ नै हो अन्तरात्म भगवान भन्ने कुरा सुस्पष्टरूपले देखाउनु भएको छ। यो अन्तरात्म भगवान सुप्राप्ते वस्तु भएको हुनाले आफू हो ब्रह्म भनेर बुझ्नु मात्र काम छ। जस्तो कुन्तीको छोरा कर्णले राधेय भनी मानी राखेको थियो पछी आफ्नो आमा कुन्तीले बाबु कर्ण! तिमी मेरो छोरा हौ भनिदिना साथ एकै चोटी कुन्ती पुत्र नै भै हाल्यो। ठीक त्यस्ते प्रकारले यहाँ पनि शास्त्र, युक्ति, अनुभूति पूर्वक ज्ञानवान महापुरुषहरूले तिमी हौ शुद्ध चैतन्य ब्रह्म तिमी-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मा सुख दुःख चिन्ता फिर केही छैन, यी सब अहंकारको विकार मात्र हो, तिमी हौ यिनिहरूलाई थाहा पाउने वाला निर्विकार सनातन स्वरूप भनी बताउनु भएको कुरालाई श्रद्धा भक्तिले स्वीकार गरे पछी ब्रह्म भै हाल्ने। यसरी बरू ब्रह्म हुने कोशिस गर्नु, ब्रह्मलाई जान्न कोशिस नगर्नु भनी पाठक वर्गहरू संग हार्दिक अनुरोध गर्दछु।

यसरी परमेश्वरको सत्ता र सगुण र निर्गुण उपासना को परिभाषा आजको वैज्ञानिक युगमा पनि विज्ञानका साथ साथै आफ्नो सनातन स्वरूपलाई सरल भाषामा उद्घाटन गरी दिनु भएका सन्तजनहरूलाई सहर्ष वन्दना गरी मेरो संक्षिप्त भूमिकालाई परिसमाप्त गर्दछु।

हरि ॐ तत्सत्

ॐवरजङ् "सरस्वती"

उपकुलपति

स्वरुप ज्ञापक अद्वैत वि. वि.

खुदी ज्ञानभूमि लमजुङ्ग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परमेश्वरको सत्ता

प्राच्य पाश्चात्य सर्व विद्याकुशल

श्रोत्रिय ब्रह्मनिष्ठ

डा० क्षितीशचन्द्र चक्रवर्ती

एम. ए., डी. फिल., वि. एल.

कुलपति– अखिल अद्वैत विश्वविद्यालय,

संस्थापक– अद्वैत संस्था नेपाल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परमेश्वरको सत्ता

प्राच्य पाश्चात्य सर्व विद्याकुशल

श्रोत्रिय ब्रह्मनिष्ठ

डा० क्षितीशचन्द्र चक्रवर्ती

एम. ए., डी. फिल., वि. एल.

कुलपति– अखिल अद्वैत विश्वविद्यालय,

संस्थापक– अद्वैत संस्था नेपाल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रोत्रिय ब्रम्हनिष्ठ डा. क्षितीशचन्द्र चक्रवर्त्तीज्यू
कुलपति–अखिल अद्वैत विश्वविद्यालय
एवं संस्थापक अद्वैत संस्था (नेपाल) बाट
त्रिभुवन विश्वविद्यालय (नेपाल) मा
दिनुभएको प्रवचन

आधुनिक युगमा वेदान्त दर्शनको व्यावहारिक महत्त्व

वीशौं शताब्दीमा स्पष्टरूपले परिलक्षित कुरा हो- हामीहरूको सभ्यता र संस्कृति, जसको महान देन हो विकशित बुद्धि र बुद्धिको सूक्ष्मातिसूक्ष्म कुराको विश्लेषण-क्षमता। यो बुद्धिको विकास विस्तार विस्तार भएको हो र वर्तमान शताब्दीमा बुद्धिको विकास चरम सीमामा पुगिसकेको छ भनी मानेमा अत्युक्ति हुँदैन। कारण यो हो कि हामीहरूको सूक्ष्म बुद्धिद्वारा जटिल कुराहरूको विशेषरूपले विश्लेषण गर्नु बाट हामीहरूको नानाविध वैज्ञानिक आविष्कार आदि संभव भएको छ। हामीहरू बुद्धिको एकाग्रता र समयोपयोगी बुद्धिको निरोध गर्न समर्थ छौं। हामीहरु घेरै सूक्ष्म कुराहरू-लाई बुझन कुशल छौं। त्यसकारण बुद्धिको सूक्ष्मता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MLDF

र विचार-कुशलता हो वर्तमान युगको मनुष्यसभ्यता र संस्कृतिको विशेष देन।

यो बौद्धिक विकास किम्वा सत्व गुणको उत्कर्ष द्वारा हामीहरू यो हो टूलो कुरा, यो हो सानो कुरा यस्तो विवेक गर्नमा सक्षम छौं। विश्वविद्यालयको शिक्षाबाट हामीहरूको बुद्धि प्रशस्त मात्रामा धेरै सूक्ष्म वस्तुलाई पनि बुझ्न समर्थ छ। हामीहरूको वैज्ञानिक युगको देन केवल विज्ञान जनित आविष्कारमा सीमित छैन, अपितु एकाग्रता, विचार-कुशलता, बौद्धिक संयम र शिक्षा क्षेत्रमा, समाजसुधारमा, राष्ट्रनिर्माणमा पनि महत दिइराखेको छ। त्यसैले यस्तो विकसित बुद्धिद्वारा हामीहरू वेदान्त दर्शनको व्यावहारिक महत्व आदि सूक्ष्म कुराको पनि विचार गर्न समर्थ छौं। त्यसैले सर्वसम्मत सर्वोत्कर्ष-सम्पन्न बुद्धिको सहारावाट हामीहरू यस विषयको विचारमा विशेष रूपले कोशिश गर्छौं।

विवेक बिना विचार सम्भव हुँदैन। त्यसकारण विकसित बुद्धिको लक्षण हो विवेकपूर्वक विचार गर्नु मा सामर्थ्य। हामीहरूको साधारण दृष्टिमा दुई पदार्थ देख्नमा आइरहेका छन् (१) म भन्ने द्रष्टा मानिस र (२) जगत् भन्ने दृश्य वस्तु। यसरी हामीहरू द्रष्टा भईकन देहादि जगत पदार्थ देखिराखेका छौं। यसरी जगत्को दर्शन कसरी संभव हुंन्छ, यसको विश्लेषणपूर्वक विचार गरे स्पष्टरूपले बुझिन्छ कि जस्तो मैले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जगत् देखिराखेको छु, यहाँ जगत्लाई देखिराख्नु र जगत्लाई देख्नेवाला म यी दुवैलाई फेरि म जान्दछु, यस्तो अनुभव अवश्य हुनु नै पर्छ। किनकि यदि जगतको साथसाथ जगतलाई देख्नेवाला म खास जो वस्तु हो त्यसबाट यदि प्रकाशित हुँदैन तब तिमीले जगत देखिराखेका छौ यस्तो प्रतीति पनि सिद्ध हुने थियो तर मैले जगत देखिराखेको छु यस्तो प्रतीत हुन्छ। त्यसो भएको हुनाले जगतलाई देख्ने जो म हो त्यसलाई वास्तव म [जसले जगतलाई र जगतको द्रष्टालाई जान्दछु] त्यससित जगत-द्रष्टाको एकता नभए मैले जगतलाई देखिराखेको छु यस्तो प्रतीति नहुने थियो। त्यसैले जगत र जगतको द्रष्टा हो त्यसलाई खास जो म वस्तु हो त्यसको अधीन भैकन नै जगतको द्रष्टाले जगतलाई देख्न सक्दछ। त्यसैले विवेक गरेदेखि यस्तो विश्लेषण स्पष्ट हुन्छ कि म जान्दछु कि मैले जगत देखिराखेको छु। अर्थात म भन्ने जो खास एक नित्य स्वयंप्रकाश परमात्म वस्तु हो [जो चाहिं हरहालतमा प्रत्यक्ष भइराखेको हुनाले म भनीकन लक्षित हुन्छ], त्यसको सत्ता र स्फूर्तिद्वारा सत्तावान् र स्फूर्तियुक्त भएर एक कल्पित पुरुषले कल्पित जगतलाई देखिराखेको छ। त्यो हो 'म जान्दछु कि म जगत देखिराखेका छु' यस प्रकार प्रतीतिको विश्लेषण मात्र।

विवेकको सहारा विना एक कल्पित जगतको द्रष्टा खास म वस्तु [परमात्मा] भित्र म प्रतीत हुँदैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसैले यो विवेक हो साँचो कुरा र झुठो कुरालाई विश्लेषण गर्नुको एकमात्र साधन। जगत दर्शन [यो जगत हो भनीकन एक मानिसको प्रतीति] आफूबाट प्रकाशित हुन सक्दैन। त्यसैले खास मैले जगत् देखिराखेको छु! यस प्रकार अनुभवकों लागि त्यो जगत-द्रष्टा मानिसको प्रत्यक्षरूपले निरन्तर अनुभूयमान जो परमात्म वस्तु हो त्यससित एकता मान्नुपर्छ। नभए त्यो जगत्-द्रष्टा मानिस म कसरी हुन सकुँला? त्यो अरू माझे किन हुँदैन? अर्थात् जगत्-द्रष्टा म हो यसको प्रतीतिको लागि खास म (प्रत्यक्ष परमात्मा) सित एकता तुल्याउनु नै पर्छ। अर्थात् जगत्-द्रष्टा र जगत दुवैलाई खास म जो परमात्म वस्तु हो यस्तो सत्चित् आत्माको प्रकाशको अधीन मान्नु नै पर्छ। त्यसैले यो सर्वसम्मत सिद्धान्त र सबैको अनुभव-सिद्ध कुरा हो कि जगत्लाई देख्नु भवाट अवश्य नै प्रकाशित हुनुपर्छ। अर्थात् जगत्-दर्शनको बारेमा जो अनुभव हुन्छ त्यसको स्पष्टरूपले विश्लेषण गरे दुई हिस्सा देखिन्छ— [१] म जान्दछु [२] मैले जगत् देखि राखेको छु। म जान्दछु भन्ने जो पहिला हिस्सा हो त्यसलाई छोड़िदिए पछि म जगत् देख्दछु यस प्रकार प्रतीति संभव हुँदैन, किनकि म (खास परमात्म वस्तु) को सत्ता र स्फूर्ति नपाए पछि म जगत देख्दछु भन्ने दोस्रो हिस्सा सत्ता स्फूर्ति रहित भइहाल्छ। त्यसो नभए म जान्दछु भन्ने दरकार थिएन।

जगत् सम्बन्धी सारा अनुभवको विश्लेषण गरे एक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निरपेक्ष प्रकाशशील सच्चित् सुखरूप परमात्म-वस्तु (जो म भनीकन प्रत्यक्षरूपले अनुभूत भई राखेको छ) त्यसको अधीन भैकन कल्पित आगमापायी एक भुट्टा 'म' को भुट्टा देहादि सम्बन्ध क्षणिक प्रतीतिहरू भइराख्दछन्। यसको कारण यो हो कि देहादि जगत् पदार्थको प्रतीति सत्य भइराख्दैन, किनकि जगत् पदार्थ र त्यसको आपेक्षिक द्रष्टा वास्तवमा पारमार्थिक सत्य वस्तु हैन। यी तीन थरी कुरा म, जगत्पदार्थ र देख्नु हो चित्तको त्रिविध परिणाम मात्र। यी परिणामहरू कैले खड़ा हुन्छन् कैले हराउँछन्, यो त्रिपुटीको आविर्भाव तिरोभाव सदासर्वदा प्रत्यक्ष अनुभूयमान परमात्मा मवाट प्रकाशित भइराख्दछ। त्यसैले सारा आगमापायी द्वैत-प्रतीतिलाई सत्ता र स्फूर्ति दिइराखेको जो सच्चित् आत्मा हो त्यसैमा आगमापायी र भ्रान्त अनुभवहरू कल्पित हुन्छन्।

यसको कारण यो हो कि जगत् र जगत्को आपेक्षिक द्रष्टा आफूवाट प्रकाशित हुन सक्दैन। त्यसैले मैले जगत् देख्दछुरूप अनुभव आफूवाट सत्तायुक्त भनी ठहर्दैन किन्तु म जान्दछु यस प्रकारले सच्चित् आत्माको सत्ता र प्रकाशको अधीन भैकन (त्यसैमा कल्पित भईकन) आगमापायी प्रतीतिहरू (म देहादि देख्दछु, म शब्द सुन्दछु आदि प्रतीति) संभव हुन्छ। त्यसैले वेदान्तदर्शन को मौलिक सिद्धान्त हो कि एक परमार्थ सत्य अद्वितीय स्वयं प्रकाश वस्तु नै हो साँचो। परिदृश्यमान जगत् हो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

असत्य र म भन्ने वस्तु हो वास्तवमा सच्चित् सुखरूप परमात्मा। अर्थात् म देख्दछु सुन्दछु रूप विविध अन्तः करणका वृत्तिहरू उदाउँछन्, अस्ताउँछन्, एक क्षणको लागि रहिरहन्छन् तर यो त्रिपुटी हो सदा सर्वदा सच्चित् आत्मवस्तुमा परिकल्पित र आत्मवस्तुको सत्ता र स्फूर्ति त्रिपुटीहरूमा कल्पित हो। त्यसैले यो विवेकपूर्वक विचार गरे सिद्ध हुन्छ कि जगत् दर्शन र जगत्-द्रष्टा यी तीन परमार्थ सत्य हैन। म वास्तव हुँ सत्चित् सुखरूप परमात्मवस्तु।

वेदान्त दर्शन हो वेदको अन्तिम जो ज्ञानकाण्ड हो त्यसमाथि आधारित। वेदान्त दर्शन हो अपौरुषेय भगवती श्रुतिको निर्विवाद सिद्धान्त। श्रुति भगवती भन्नुहुन्छ कि :-

"तमेव भान्तमनुभाति सर्वं तस्य भासा सर्वमिदं विभाति" अर्थात् पहिले सत् चित् अद्वितीय परमात्मवस्तु स्वयं प्रकाशित भइराखेको छ र त्यसमा चन्द्र सूर्य आदि भौतिक ज्योतिहरू कल्पित छन् र परमात्म ज्योतिबाट यी भौतिक ज्योतिहरू प्रकाशित भैरहेका छन्। सूर्य चन्द्रहरूको आफ्नो सत्ता स्फूर्ति छैन।

त्यसो भए जगत्को दर्शनको बारेमा माथि विश्लेषणपूर्वक-प्रतिपादित कुराहरू श्रुति-सिद्धान्तको अनुकूल नै छ भनी निश्चय गर्नु पर्छ। फेरि यसमा प्रत्यक्ष युक्ति पनि छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेदान्त दर्शनमा यसलाई दृक्दृश्य विवेक भनी बताइएको छ। यसको आशय हो कि जो चाहिं द्रष्टा हुन्छ त्यो दृश्यदेखि भिन्न हुन्छ; जस्तो प्रकाश गर्ने मबाट प्रकाशित भैराखेका क्षणिक प्रतीतिहरूलाई अवश्य भिन्न मान्नुपर्छ। प्रतीतिहरू आउँछन्, हराउँछन् तर तिनीहरूको प्रकाशक म भिन्न भएको हुनाले प्रतीतिहरू हराए पनि त्यसको अभावको प्रकाशक रूपले म नित्य प्रकाशमान हुँ अर्थात् प्रत्यक्ष अनुभूयमान नित्य सत्य, स्वयंप्रकाशमान म आगमापायी दृश्यरूप प्रतीतिहरूबाट अस्पृष्ट छु त्यसो भएको हुनाले जो कुछ त्रिपुटी रूपले प्रत्यक्ष परमात्म वस्तु मेरो सामुन्नेमा (ममा कल्पित भएर) एक क्षणको लागि मेरो प्रकाशबाट प्रकाशित भइरहन्छ त्यो वास्तवमा मेरो पारमार्थिक सत्ताको अधीन भएको हुनाले पारमार्थिक रूपले मिथ्या नै ठहर्न जान्छ।

यसप्रकार दृश्यबाट सदा अस्पृष्ट जो पारमार्थिक सत्य म वस्तु हो त्यसदेखि विलकूल विलक्षण र कल्पित भनी सम्पूर्ण त्रिपुटीहरूलाई-ज्ञाता, ज्ञान, ज्ञेय, प्रमाता, प्रमाण, प्रमेय, कर्ता, क्रिया, कार्य आदि सारा त्रिपुटी हो मिथ्या भनी शास्त्रमा बताइएको-छ यसको कारण यो हो कि ज्ञाता ज्ञान ज्ञेय आदि त्रिपुटी वास्तवमा स्फूर्ति रहित र त्यसकारण सत्ता रहित वस्तु हो; किनकि ज्ञाता ज्ञान, ज्ञेय पारमार्थिक सद्वस्तु मेरो सत्ता स्फूर्ति नपाएपछि-ममा कल्पित नभएपछि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञाता ज्ञान ज्ञेय आदि आफूवाट प्रकाशित हुन सक्दैन र त्यसकारण यिनीहरूको आफ्नो सत्ता पनि केही छैन- अर्थात् ज्ञाता आदि प्रमाता आदि कर्ता आदि वास्तवमा आभासरूप वस्तु मात्र हुन्। त्यसैले यिनीहरू आउँछन् हराउँछन्, किन्तु यिनीहरूको अधिष्ठान सच्चित् सुखरूप जो परमात्मवस्तु म हुँ त्यो नित्य निरन्तर स्वयं प्रकाशमान छे।

त्यसको विशेष विवेचनको लागि जाग्रत स्वप्न सुषुप्ति आदि लोक प्रसिद्ध अवस्थाहरूको विवेचना यहाँ ज्यादा युक्ति संगत हो। जहाँसम्म यी तीन अवस्थाहरूको पूरा विवेचना हुंदैन त्यहाँसम्म हामीहरूको जगत्-सम्बन्धी अनुभवको पूर्णता प्राप्त हुन सक्दैन, किनकि हामीहरूको जाग्रत्कालीन अनुभव सम्पूर्ण जगत्सम्बन्धी अनुभवको एक सामान्य हिस्सा मात्र हो। त्यसो भएको हुनाले यो अवस्थात्रयको जो पूरा अनुभव हो- जुन अनुभव हो हामीहरूको सम्पूर्ण जगत्सम्बन्धी अनुभव। त्यसको मिथ्यात्व जान्नुको लागि यो आगमापायी भिन्न भिन्न प्रकारको जगत्सम्बन्धी अनुभवको विश्लेषण पूर्वक विवेचन अत्यन्त प्रयोजनीय हो। अवस्थात्रयको पूर्ण विवेचना बाट यो सिद्ध हुन जान्छ कि यो तीन प्रकारको जगत्सम्बन्धी अनुभव हो केवल व्यावहारिक, पारमार्थिक हैन र जुन सच्चित् सुखरूप परमात्मावस्तु ममा यो त्रिविध अनुभव कल्पित भईकन भासमान हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यो मेरो वास्तव परमात्मस्वरूप हो एक अद्वितीय परमार्थ सत्य वस्तु ।

यद्यपि जाग्रत् स्वप्न सुषुप्ति रूप अवस्थात्रय केवल व्यावहारिक रूपले सत्य हो तापनि यो त्रिविध अवस्थाको विश्लेषणपूर्वक विवेचना भए वेदान्त दर्शनको व्यावहारिक महत्व सजिलोसित देख्नमा आउँछ । यो व्यावहारिक महत्व यो हो कि केवल लोक प्रसिद्ध अवस्थात्रयको विवेचन विश्लेषणात्मक ढंगले सम्पन्न भए मात्र एक अद्वितीय महान् मेरो वास्तव अद्वितीय सच्चित् सुखरूप परमात्म वस्तु स्पष्ट रुपले प्रकाशित भइहाल्छ ।

यतिमात्र हैन किन्तु आफूको जो अखण्ड आनन्द स्वरूपता हो त्यसलाई राम्ररी बुझनको लागि सुषुप्ति अवस्थाको विवेचन अत्यावश्यक हो किनकि मनुष्य खास आफू नै अखण्ड सुखरूप वस्तु हो यो जान्नको लागि केवल सुषुप्ति अवस्था र त्यसो सम्बन्धी अनुभवको विश्लेषणपूर्वक निर्णय अनिवार्य छ । मनुष्यले आफूलाई जाग्रत् र स्वप्नमा दुःखी, विकारी, संसारी नाना प्रकार चिन्ताग्रस्त भनी व्यर्थ अनुभव गरिराखेको छ । सुषुप्तिकालीन अनुभव जाग्रत स्वप्न सम्बन्धी अनुभवलाई खण्डन गर्छ त्यसो भएको हुनाले आफ्नो वास्तव सुखस्वरूपता सामान्य रूपले जान्नको लागि सुषुप्ति अवस्थाको विवेचनको साथ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साथै वेदान्त दर्शनमा बताइएको आत्मस्वरूपको साक्षात्कार अत्यन्त प्रयोजनीय छ। साक्षात्कारबाट स्पष्टरूपले उपलब्ध आफ्नो सुखस्वरूपता किम्वा जीवन्मुक्ति सुखको अनुभूति हो वेदान्त दर्शनको व्यावहारिक महत्व।

वेदान्त दर्शन व्यतिरिक्त अरू कुनै दर्शनबाट आफ्नो वास्तव अखण्ड आनन्दरूपताको नित्य अनुभव र मनुष्य जीवनको सारा दुःखको आत्यन्तिक निवृत्ति संभव छैन। यो नै हो आधुनिक युगमा वेदान्त दर्शनको अविसम्वादी र व्यावहारिक महत्व। त्यसो भएको हुनाले यो त्रिविध अवस्थाहरूको संक्षिप्त विवेचना ऐले देखाउँछु— जाग्रत् अवस्थामा इन्द्रियहरु द्वारा वाह्य पदार्थको अनुभव विश्व पुरुषलाई हुन्छ। किन्तु विश्व पुरुष हो वास्तवमा साक्षी चैतन्यको अन्तःकरणमा परेको आभास मात्र र विश्वको सम्पूर्ण जगत्सम्बन्धी अनुभव अन्तःकरणको वृत्ति-रूपतामा परिसमाप्त हुन्छ। विश्वको वास्तव स्वरूप हो साक्षीचैतन्य। त्यसैले साक्षी चैतन्य (जो विश्वको वास्तव स्वरूप हो) विश्वको जगतसम्बन्धी भिन्न भिन्न अनुभवलाई केवल प्रकाश गरिरहन्छ। जब जाग्रत् अवस्था समाप्त हुन्छ र स्वप्नावस्था प्राप्त हुन्छ तब जाग्रत् जगतको स्थूल पदार्थहरू स्वप्नअवस्थामा केवल मनको किम्वा अविद्याको विकार रूपले परिणाम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राप्त हुन्छन्— अर्थात् जाग्रत्को स्थूल पदार्थ स्वप्न अवस्थामा मनको (किम्वा अविद्याको) वृत्तिरूपले पर्यवसित भइहाल्छ अर्थात् पहिलेको स्थूल पदार्थ एले सूक्ष्म मनोमयता पदार्थ रूपता ग्रहण गरी हाल्छ। यसरी स्पष्ट बुझिन्छ कि धेरै प्रकारको जाग्रत् अवस्थाका स्थूल पदार्थहरू हुन् वास्तवमा संकल्परूप किम्वा मनोमय वस्तु। फेरि स्वप्नावस्थाको अभिमानी तैजस पुरुषले अनुभव गरेको स्वप्नका पदार्थहरू र स्वप्नको सुख दुःख त्यसको वास्तव सत्यता हुँदैन स्वप्नावस्थामा विश्व पुरुष रहंदैन। जाग्रत्मा जो विश्वले सुख दुःख चिन्ता ताप अनुभव गरेको थियो ऐले त्यो विश्वभाव निवृत्त भएको हुनाले त्यसको जगत्सम्बन्धी अनुभव निवृत्त भइसकेको छ। फेरि ऐलेको तैजस पुरुषको सुख दुःख विकार आदि जगतसम्बन्धी अनुभवहरू स्वप्नावस्थाको निवृत्तिको साथसाथै निवृत्त भइहाल्छ र तैजस पुरुष पनि हराइ हाल्छ। जस्तो विश्वको अनुभव व्यावहारिकरूपले साँचो भए तापनि वास्तवमा असत्य नै थियो। किनकि तो अनुभवहरूले साक्षी चैतन्यबाट उद्भासित भइकन नै जाग्रत कालमा सत्ता र स्फूर्ति प्राप्त गरेका थिए ! त्यस्तै स्वप्नकालीन तैजसको अनुभव पनि हो स्वप्न द्रष्टा साक्षी चैतन्यको सत्ता स्फूर्तिबाट व्यावहारिक रूपले साँचो र प्रकाशित वस्तु।

भन्नुको आशय यो हो कि हर अवस्थामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुभव हो दुइ प्रकार (१) विश्व तैजस आदि चिदाभासको व्यावहारिक अनुभव र (२) पारमार्थिक चैतन्य वस्तुद्वारा व्यावहारिक अनुभवको प्रकाशन र सत्तालाभ । त्यसो भएको हुनाले स्वप्नावस्था जब निवृत्त हुन्छ र सुषुप्ति अवस्था प्राप्त हुन्छ तब सुषुप्ति अवस्थाको अभिमानी प्राज्ञ— अर्थात् प्रकृष्ट रूपले अज्ञ-पुरुषले सुषुप्ति अवस्थामा केही पनि जान्दैन र मजासित निद्रा सुखको अनुभव गरिरहन्छ । तर यस प्रकारको अनुभव पनि हो भ्रान्त अनुभव । किनकि यो व्यावहारिक भए तापनि यो हो चिदाभास रूप भोक्ताको जगत्को अभाव सम्बन्धी र सुखाभास सम्बन्धी अनुभव मात्र । फेरि यहाँ पनि मैले केही पनि देखिन भनीकन जो भोक्ता पुरुषको अनुभव हो त्यो प्राज्ञ रूप सर्वज्ञ साक्षी चैतन्तद्वारा प्रकाशित र साक्षी चैतन्य सत्ताले सत्तावान व्यावहारिक अनुभव मात्र । सुषुप्ति कालिन भोक्ता रूप प्राज्ञ हो स्वप्नावस्था अभिनानी तैजस पुरुषदेखि अत्यन्त भिन्न ।

त्यसो भएको हुनाले जाग्रत्को अनुभव र जाग्रतको अनुभविता स्वप्नावस्थाको अनुभव र स्वप्नावस्थाको अभिमानीदेखि अत्यन्त भिन्न हो त्यस्तै तैजस पुरुष र सुषुप्ति कालिन भोक्ता पुरुष हो आपसमा भिन्न । त्यसो भएको हुनाले तीन अवस्थाको अनुभव र अनुभविता भिन्न भिन्न हुन्छ । त्यसकारण विश्वले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वप्नावस्थालाई जान्दैन र तैजसले सुषुप्ति अवस्थामा प्रवेश गर्दैन। प्रति अवस्थाको अभिमानी पुरुष अरू अवस्थामा प्रवेश गर्दैन र अरू अवस्थाको अभिमानी देखि भिन्न हुन्छ।

वेदान्त दर्शनमा बताइएको जाग्रत्, स्वप्न र सुषुप्तिको जो विवेचन माथि देखाइएको छ त्यसको व्यावहारिक महत्व के हो ? यसको जवाफको लागि वेदान्त दर्शनको महत्व यहाँ देखाइन्छ – जाग्रदादि तीन अवस्थाको विवेचनबाट मनुष्यको वास्तव जो सच्चित् सुख स्वरूप हो त्यो स्पष्ट रूपले प्रकाशित भइहाल्छ। किनकि यद्यपि विश्व, तैजस, भोक्ता (प्राज्ञ) भिन्न भिन्न पुरुष हो र तिनीहरूको सीमित अनुभव पनि भिन्न भिन्न हो तापनि विचारवान पुरुषले आफूलाई जाग्रदादि तीनै अवस्थामा अनुगत र जाग्रदादि तीनै अवस्थाको भाव अभावको साक्षात् प्रकाशक रूपले अनुभव गरेको हुन्छ। "मैलेनै सुषुप्तिमा केही पनि देखिन; मैलेनै स्वप्नकालमा डरलाग्दा कुराहरूको अनुभव गरेको थिएँ; म नै ऐले जाग्रत् अवस्थामा बसेको छु" यसरी प्रति मनुष्य तीन अवस्थाको साक्षात् प्रकाशक र तीन अवस्थाबाट निर्लिप्त शुद्ध चैतन्य परमात्मा भनी अनुभव गर्दछ। यसरी अवस्थात्रयको विवेचनाबाट तीन अवस्थाको कल्पित सुख दुःखादि सम्पूर्ण अनुभवको माथि स्पष्ट अनुभवको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बलले मनुष्य उठ्न सक्दछ र यसरी सम्पूर्ण जगत् अनुभव सम्बन्धी विकार सुख दुःख चिन्ता टण्टा आदिबाट बिलकुलै रहित भएर बस्न सक्दछ ।

यसप्रकार आफ्नो जो सच्चित् सुखरूपता हो– अर्थात् आफू हो नित्य सत्य वस्तु, आफू हो अखण्ड प्रकाशरूप र आफू हो अवस्थात्रय सम्बन्धी सारा दुःख सुख विकार देखि अतीत – त्यसको साक्षात्कार वृत्तिद्वारा स्पष्ट अनुभव हुन्छ र यो स्पष्ट अनुभव नै हो वेदान्त दर्शनको विशेषरूपले यो आधुनिक युगमा अत्यन्त स्पष्ट र निर्विवादरूपले सिद्ध हस्त प्राप्त महत्व ।

ऐले सामान्य रूपले मननरूप युक्तिद्वारा अवधारित आफ्नो सच्चित् सुखरूपतालाई साक्षात्कार गर्नु को उपदेश पनि वेदान्त दर्शनमा पाइन्छ । आधुनिक युगमा यद्यपि वेदान्त दर्शन स्पष्ट रूपले प्रसिद्ध छैन र त्यसकारण आफ्नो स्वरूपको साक्षात्कार अत्यन्त कठिन हो भनी अज्ञानी मनुष्य संझन्छ तर वेदान्त दर्शनसित अभिज्ञ मुमुक्षुजन र अनुभवी महात्माहरू यथार्थ रूपले वेदान्त दर्शनरूप श्रुति सिद्धान्तको उपदेश प्राप्त गरिकन परिपूर्ण आफ्नो सुख स्वरुपमा अवस्थित भइहाल्छ । यसरी आफ्नो वास्तव परमार्थ सत्य अखण्ड सुखरूप मनुष्यानन्ददेखि ब्रह्माजीको आनन्द सम्म सम्पूर्ण खण्डित सुखराशिदेखि अतीत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जो ज्ञानवान् पुरुषको वास्तव स्वरुपको उपलब्धि हो जसको नाम हो जीवन्मुक्ति- त्यो अविसम्बादी रुपले व्यवहार दशामा अत्यन्त महान् वस्तु भनी सिद्ध हुन्छ ।

आफ्नो परमार्थ ब्रह्मस्वरुपलाई कसरी जान्नु ? यो हो अत्यन्त मार्मिक र प्रयोजनीय प्रश्न । वेदान्त दर्शन यस प्रश्नको पूर्ण र सन्तोषजनक जवाफरुप उपदेश दिइराखेको छ कि आफ्नो ब्रह्म स्वरुप घट् पट् जस्तो जानिने विषय हैन, हुनाले ब्रह्मलाई जान्न कोशिश गर्नु वन्दैन किन्तु ब्रह्म हुनुको लागि कोशिश गर्नु पर्छ । फेरि प्रश्न हुन्छ- ब्रह्म स्वरुप कसरी हुनु ? यसको स्पष्ट जवाफ यो हो कि आफूलाई यथार्थ रुपले जानेपछि मुमुक्षु पुरुष ब्रह्म बनी हाल्छ । किनकि- माथि विस्तृत रुपले जस्तो देखाइएको छ- मुमुक्षु पुरुष वास्तवमा ज्ञाता मानिस हैन, किनकि त्यो वास्तवमा विश्व, तैजस, भोक्ता हैन । जाग्रत्, स्वप्न सुषुप्ति तीनै अवस्था हो स्वप्नरुप र मिथ्या । त्यसो भएको हुनाले मानिस वास्तवमा विश्व, तैजस, भोक्ता पुरुष हैन किन्तु अज्ञानवशात् जाग्रदादि अवस्थाहरूको भित्र अनुस्यूत रुपले रही राखेको निर्विकार चैतन्य स्वरुप हो । जहाँसम्म अज्ञान रहन्छ त्यहाँसम्म जाग्रदादि बुद्धिको तीन प्रकारको वृत्तिरुप अवस्थाहरू आउँछन् जान्छन् तर जो चाहीं यी अवस्थाहरूको भित्र निर्विकार रूपले अनुस्यूत, अवस्थाहरूको निर्लिप्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशरू, सच्चित् परमात्म वस्तु हो त्यो हो मुमुक्षु पुरुषको वास्तव स्वरुप । अज्ञानवशात् अवस्थाहरू खड़ा भएका थिए, यी अवस्थाहरू हुन् मिथ्या र यी अवस्थाहरूको भित्र अनुस्यूत हुनु पनि मुमुक्षु पुरुषका लागि परेको थिएन । एवं प्रकारले आफ्नो शुद्ध निराभास अवस्थात्रय रहित किम्वा अवस्थाहरू बाट अस्पृष्ट चिदानन्द स्वरुप हो मेरो वास्तव सनातन स्वरुप भनी आफ्नो स्वरुपलाई बुझनु पर्छ । यसरी आफ्नो स्वरुपलाई निश्चय गरे आफ्नो सनातन स्वरुप भै हाल्नु सजिलोसित संभव हुन्छ । किनकि यो वास्तव परमात्म सनातन स्वरुप सर्वदा प्रकाशमान छ । जाग्रदादि विश्व तैजस भाव म हैन भनी निश्चय गर्ने वित्तिकै आफ्नो स्वयं प्रकाश अखण्ड आनन्द स्वरुप स्पष्ट रुपले परिशिष्ट रहन्छ । यत्तो परिशिष्ट रहनु हो ब्रह्म हुनु । यसैले वेदान्त दर्शनले उपदेश गरेको हो कि ब्रह्मलाई जान्नु पर्दैन । आफ्नो यथार्थ स्वरुपलाई जान्यो कि मुमुक्षु पुरुष स्वतः ब्रह्म भईहाल्छ । ब्रह्मलाई ज्ञानको विषय गरिकन आफू ज्ञाता बनिकन घट् पट्लाई जस्तो प्रमातालले जान्दछ त्यस्तो मुमुक्षु पुरुषले ब्रह्मलाई जान्नु पर्दैन । ज्ञानको विषयरुपले ब्रह्मलाई जान्नु पनि संभव छैन । किन्तु केवल आफ्नो यथार्थ स्वरुपलाई जाग्रदादि अवस्थात्रय विनिर्मुक्त चैतन्य स्वरुप भनी विचारद्वारा निर्णय गऱ्यो कि आफ्नो सनातन अखण्ड सुखस्वरुप स्वयं प्रकाशित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भइहाल्छ । यसरी साक्षात्कारको यथार्थ निःसंदिग्ध र सजिलो बाटो वेदान्त दर्शनले देखाई रहेको छ । वेदान्त दर्शनको महावाक्य जनित उपदेशबाट आधुनिक युगको बुद्धिमान पुरुष वेदान्त दर्शनलाई श्रद्धापूर्वक सुनेर, युक्तिपूर्वक ठहराएर र आफ्नो यथार्थ स्वरुप लाई साक्षात्कार गरेर सारा दुःखबाट विमुक्त भइकन जीवन् दशामा नै अखण्ड सुखको स्पष्टरुपले नित्य निरन्तर अनुभव गर्न सक्दछ । यो हो वेदान्त दर्शनको अत्यन्त सुस्पष्ट (वेदान्त दर्शनको) व्यावहारिक महत्व बारेमा निर्घोष ।

यसै प्रसंगमा अखण्डाकार र अन्तिम साक्षात्कार वृत्तिको बारेमा २।४ शब्द भन्नु युक्ति युक्त हुन्छ ।

जब जाग्रदादि अवस्थात्रयको विवेचनपूर्वक आफ्नो वास्तव अज्ञान विनिर्मुक्त चित्सुखस्वरूपको निश्चय हुन्छ तब मुमुक्षु पुरुषको चित्त त्रिपुटीरूप सारा अन्तःकरण वृत्तिलाई परित्याग गरिकन अखण्डाकारता प्राप्त हुन्छ । त्यो अखण्डाकार वृत्ति हो निर्विकल्प समाधि । निर्विकल्प समाधिमा केवल आफ्नो वास्तव ब्रह्मस्वरूपको स्वतः अनुभव भै रहन्छ । निर्विकल्प समाधिको प्रयत्नपूर्वक अभ्यासले अर्थात् आफ्नो ब्रह्मस्वरुपको स्पष्ट अनुभवको अभ्यासले जगत् सम्बन्धी वासना अत्यन्त शिथिल हुँदै जान्छ र जब काल पाइकन ब्रह्म स्वरुपको संस्कार ज्यादा आर्जन हुन्छ तब जग-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्वासना उपक्षीण हुन्छ । जगत्वासनाको क्षय भए निर्विकल्प समाधिमा परम अखण्डाकार वृत्तिरूप साक्षात्कार वृत्तिको उदय हुन्छ र त्यो साक्षात्कार वृत्तिमा हृदयस्थित आफ्नो वास्तव परमात्मस्वरूप स्पष्ट रूपले भासमान हुन्छ । अर्थात् साक्षात्कार वृत्तिमा जब हृदयमा विराजमान परमात्मा आफ्नो वास्तव सुख स्वरूप अभिव्यक्त हुन्छ तब हृदयको सम्पूर्ण अज्ञान विनष्ट हुन्छ र आफू सदाकालका लागि सच्चित् आनन्द ब्रह्म स्वरूपले विराजमान रहन्छ ।

यसैको नाम हो पारमार्थिक जाग्रत । जस्तो स्वप्नबाट प्रबुद्ध भएपछि तैजसको स्वप्नकालीन जगत्को सम्पूर्ण ऐश्वर्य विध्वस्त भैहाल्छ त्यस्तै परम जाग्रत अवस्था प्राप्त भए व्यावहारिक जाग्रत् जगतको तथाकथित गर्व अत्यन्त विनष्ट भैहाल्छ । अनात्म जगत्को सम्पूर्ण श्री र चन्द्रसूर्य ग्रह नक्षत्र र विष्णु आदि लोकको सृजनकारी बुद्धि विनष्ट भैहाल्छ । र चतुर्दश भुवनको अन्त प्रत्यक्ष अनुभूत हुन्छ । यो हो जगद्वासनाको समूल नाश । यस्तो बुद्धिको विनाश र विशाल जगत्को अभाव साक्षात्कार क्षणमा प्रत्यक्ष रूपले अनुभूत हुन्छ । यसैको नाम हो जीवन्मुक्ति किम्वा सर्व दुःख विनिर्मुक्त अखण्ड सुखस्वरूपमा जीवन्मुक्त पुरुषको निराबाध स्थिति । यो नै हो वेदान्त दर्शनको अति सुस्पष्ट व्यावहारिक महत्व ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिशेषमा अशेष शुभ गुणद्वारा विभूषित ईश्वरमूर्ति
श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव

द्वारा सुशासित पुण्यभूमि नेपाल अधिराज्यका आस्तिक सज्जनहरूको हृदयमा भगवान् पशुपतिनाथको अनुकम्पाबाट वेदान्त दर्शनको यो साक्षात्काररूप अत्यन्त महान् सिद्धान्त उपदेश स्पष्टरूपले प्रकाशित होस् भनी पशुपतिनाथसंग प्रार्थना गर्दै यो वक्तव्य यहीं समाप्त गर्दछु ।

विक्रम् सम्वत २०२७ ज्येष्ठ २२ गते
बृहस्पतिवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अद्वैत संस्थाका केन्द्रीय सभापति श्री
गोविन्दराम "सरस्वती" ज्यूले आदर्श
शाखा खुदीवेनी (ज्ञानभूमि) मा
आयोजित गुरु पुर्णिमाको
समारोह (२०२७।४।३) मा
दिनु भएको प्रवचन–

" भक्ति–सर्वस्व "

—:—

श्रद्धेय उपकुलपतिज्यू, रजिष्ट्रारज्यू तथा
परम प्रिय श्रद्धैत परिवार;

मानिसको ईच्छा विना धेरै प्रकारको चिन्ता, दुःख र अनेकौं प्रकारका अनिच्छित भोगहरूको प्राप्तिबाट जान्न सकिन्छ कि जगतमा कुनै अदृश्य रूपले एक नियन्ता छ । जसको प्रभावलाई जीवले उल्लंघन गर्न सक्दैन । यस प्रकारले श्रुति र सज्जनको उपदेशको सहारा ले मात्र अदृश्य रूपले रहनु भएको परमात्माको ज्ञान गर्न सकिन्छ ।

बुद्धिको कर्मकुशलताले जगन्नियन्ता परमात्माको ज्ञान गर्न संभव छैन । एकमात्र अपौरूषेय वेद

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परमेश्वरको सत्ता

वेदार्थवित् गोविन्दराम "सरस्वती"

हस्तामलक, अद्वैत भारती

नवरत्नको अन्यतम रत्न

सभापति : अद्वैत संस्था नेपाल

रजिष्ट्रार : "सन्ताप हारक" अद्वैत विश्वविद्यालय

क्षेत्रपुर नारायणगढ, नेपाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवतीको विश्वास परमात्माको ज्ञानमा असाधारण कारण हो। यसरी ईश्वर, स्वर्ग र अपवर्गरूप मोक्षको एकमात्र कारण अपौरूषेय वेद भगवतीको वचन माथि श्रद्धा हो। यस विना अरू कुनै कारणबाट उक्त वस्तुहरूको प्राप्ति र ज्ञान जिवले गर्न सक्दैन ;

मनुष्य जीवनमा जो परम अभिष्ट वस्तु छ त्यो एकमात्र सज्जन र वेदको वचनमा विश्वासले प्राप्त हुन सक्छ। किनकि "यो जगत छ र यसको प्राप्ति नै शान्तिको बाटो हो र म जगतको भोक्ता एक जिव हूँ" यो हो मानिसको भ्रान्त धारणा माथि आधारित मिथ्या निश्चयमात्र। जस्तो मरूभूमिमा देखिएको जल आफ्नो बुद्धिको बलले स्पष्ट दृष्टि गोचर भएतापनि वास्तवमा त्याहाँ जल हुँदैन। त्यसरी नै यो परिदृश्यमान जगत पनि मानिसको बुद्धिले स्पष्ट देखेतापनि त्यो वास्तव भएको वस्तु हैन। तर एक सज्जनको वचनमा श्रद्धाविना जसरी मरूभूमिको जलबाट तिर्खा मेट्ने ईच्छा बनी नै रहन्छ त्यसरी नै सज्जन र शास्त्रको वचनमा पत्यार पर्नु विना मुर्ख मानिसजाई यो मरूभूमि सदृश जगतको ईच्छा बनिने रहन्छ र इच्छाको कारणले सदैव दुःखने भै रहन्छ। सुख कैले पनि हुन सक्दैन। त्यसकारण दुःख निवृत्ति र सुख प्राप्तिको लागी सन्तजन र सत्शास्त्रको वचनमा दृढ श्रद्धा गर्नु हो परम हितकर, यस विना अरू कुनै उपायले पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शान्ति र सुख प्राप्त हुन संभव छैन।

१— यो कुरा ईच्छा नभएतापनि स्विकार गर्नु पर्दछ कि जीवनको अन्तकाल सम्म जतिपनि मानिसको शरीरको लागी आवश्यकीय भोगहरूको आवश्यक रहन्छ त्यो अवश्य परमात्माको शक्तिले मानिसहरूलाई वेला वेलामा प्राप्त भै नै रहन्छ। यसको लागि ईच्छा र चिन्ताको कुनै आवश्यक रहंदैन। किनकि मानिसले जन्मको पहिले नै जीवन भरको लागि आवश्यकीय विषयहरूको अर्जन गरेर आई सकेकोछ। त्यसैको भोगको लागि यो शरीरको जन्म भएको हो। त्यस-कारण त्यो आफैले अर्जन गरी आएको सुख दुःख भोगलाई मानिसले भोग्नै पर्दछ। त्यो अरू कुनै उपायले हटेर र घटेर जांदैन। यो नै हो प्रारब्ध कर्मको महान महिमा। तर यो कुरा नजानेर मानिसहरू विषयकै ईच्छा गरी रहन्छन्। त्यसकारण सबै सुखा-भिलाषि मानिसहरूले सर्वप्रथम आफ्नो प्रारब्ध किम्वा ईश्वरको नीति माथि विश्वास लिनु पर्दछ।

त्यो सर्वगुण सम्पन्न परमात्मा जसरी विश्वको उत्पत्ति, स्थिती र लय गरी रहनु हुन्छ उनै परमात्मा मेरो जीवनको पनि सबै समस्याको समाधान गर्नु हुन्छ भन्ने कुरामा दृढ विश्वास लिनु पर्दछ। यसरीनै सुदामा, कुन्ती, द्रौपदी, प्रल्हाद आदिले ईश्वरको भर द्वारा आफ्नो जीवनको समस्याको समाधान गर्नु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएको थियो। यो हो परमात्माको प्रार्थमिक भजन। किनकि यस्तो भजनले मानिसको भित्रको चिन्ता, टण्टा, भय, आदि सबै दवेर जान्छ र जगतको नियन्ता परमात्मा माथि विश्वास बढेर आउंछ। नभए यो परमात्माको मायाबाट उद्धारको बाटो पाउन सक्दैन र व्यामोह भएर संसार चक्रमा नै घुमी रहनु पर्दछ। जसरी बन्धनमा परेको पशुको एकमात्र सहारा हो उसको मालिक त्यसरी नै संसार बन्धनमा परेका, पद पदार्थमा सांचो बुद्धि भएका जिवहरूको लागी पनि त्यस पदार्थबाट निवृत्तिको एकमात्र उपाय हो परमात्मा माथि विश्वास किम्वा भरोसा-परमात्मा देखि भिन्न कुनै पद पदार्थमा हैन। मनुष्य जीवनमा समस्याको समाधानको बाटो पद पदार्थ जम्मा गर्नु हैन अपितु ती पदार्थबाट हटेर- जो आफ्नो प्रारब्धबाट प्राप्त हुन्छ त्यसैमा सन्तुष्ट रहेर- किनकि ईच्छाले धेरै वस्तु मानिसलाई मिल्दैन- पदार्थ प्राप्ति र रक्षणकारी सर्व नियन्ता परमात्मा माथि पुर्ण विश्वास लिनु हो सबै समस्या समाधानको एक मात्र बाटो। तर यो कुरा मानिसले जान्दैन र धेरै बुद्धिजीवि भनाउंदा संसारी मानिसहरू पनि पद पदार्थबाट नै समस्याको समाधान हुन्छ भनी आफ्नो विग्रेको बुद्धिको भरमा परेर कहिले पनि पूरा नहुने पदार्थहरूको संग्रहमा लागीकन कैले पनि समस्याको समाधान गर्न समर्थ हुँदैन। यति मात्र हैन समर्थ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नभैकन पनि विग्रेको स्वभावको कारणले गर्दा पुनः पुनः त्यै विषयमा दौड़ी नै रहन्छ र समाधान हुने वाटो जो हो परमात्माको शरण तिर जानु, त्यतापट्टि उन्मुख सम्म पनि हुनसक्दैन। यत्तिमात्र हैन परमात्मा हुनुहुन्छ भनेर विश्वास लिन सम्मपनि सक्दैन र परमात्मा भन्ने शब्दलाई उपहासले उड़ाई दिन्छ। यही हो वढ्दो भौतिकवादको महान महत्ता। यस्ले ईश्वरको विश्वास हटाएर जगत्को विश्वासलाई वढाई दिन्छ र मानिसको जीवनलाई नष्ट गरी दिन्छ।

त्यसकारण परमात्मा माथि विश्वास गरेर भित्रको अहं-मम भावलाई अर्पण गर्नु हो आस्तिक र ज्ञानहरूको सर्वप्रथम प्रयोजन। गीतामा भगवानले यही आज्ञा दिनु भएको छ। भगवद् आज्ञा हो पालनीय र परमसत्य। त्यसैले व्यावहारीक जीवनमा गीता शास्त्रको अध्ययन हो सर्वोपयोगी। यो शास्त्रको अध्ययनविना अरू सारा शास्त्रको अध्ययन हो वृथा। किनकि अरू शास्त्रको अध्ययनवाट अहं मम भावको अभावहुनुको सट्टा झन विस्तृत भएर जान्छ र फलस्वरूप जिवले समस्याको कैले पनि समाधानको वाटो पाउन सक्दैन र संसार चक्रमा नै घुमी रहनु पर्दछ। यो हो महान कष्टको कुरा। मनुष्य योनि भोगको लागिमात्र हैन अपितु शान्ति र सुखको लागि नै हो। यो कुरा कुनै बुद्धिजीविहरूले विर्सन हुंदैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरी आचार्यहरूले साधारण चन्दन, फूल आदिको अर्पण पूर्वक पुजा गर्नुमा मात्र जिवलाई सीमित नगरेर अहं मम भावरूप दुःखको मूललाई चढाउनु रूप उत्तम पूजाको पनि विधान गर्नु भएको छ।

:— जब यसरी पद पदार्थको दाता, सारा दुःखको संहर्ता, सबै जिवको नियन्ता र अन्तर्यामि परमात्मा माथि विश्वास दृढ हुन्छ तब परमात्माको अत्यन्त उत्तम भक्ति तिर अग्रसर गराउन विचाररूप भक्ति "निर्गुण उपासना" को विधान गर्नु हुन्छ। आजकल प्रायः यो उत्तम भक्तिको अभाव भएर गएकोछ र सामुलि भक्तिमा नै आस्तिक सज्जन मानिसहरू पनि अलं बुद्धि गर्दछन् र फलस्वरूप यो निर्गुण उपासनालाई असंभव भनी मानेर यसको विवेचनामा अग्रसर हुँदैनन्। यसको एक मात्र कारण हो देहमा आफू बुद्धि र जगतमा दृढ विश्वास। देहात्म भावनाको कारणले नै मानिस यो भगवानको अत्यन्त प्यारो भक्ति गर्न चाहँदैन। सर्व त्यसैले दुःखबाट रहित हुन पनि सक्दैन। जबसम्म "म प्रमाता हुँ; यो आपत्, विपत, सांचो हो र हे! भगवान मलाई यस्को निवारण गरिदिनु होस्" यस्तो परिच्छिन्न भावना रहन्छ तब सम्म यस्तो भोग्य वस्तुको कामनाले मानिसको हृदय स्वच्छन्द हुन सक्दैन। त्यसैले भगवानले यस्तो भक्तलाई अज्ञानि भक्त भनि निर्देशन गरेर ज्ञानि-भक्त हुनको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लागि आज्ञा दिनु भएको छ। ज्ञानीभक्त परमात्माको प्यारो मात्र नभएर भगवान भन्नु भो त्यो मेरै आत्मा हो, मेरै स्वरूप हो र "त्यो म नै हुँ र म त्यो नै हो"। यस्ता भक्तको म सारा योग, क्षेम पूरा गरी दिन्छु। जीवनभर र मरणकाल सम्म त्यो भक्तलाई सारा कुराको व्यवस्था म नै गरी दिन्छु। यतिमात्र हैन ज्ञानदीप- साक्षात्कार ज्ञान- को उत्पत्ति पूर्वक सारा अज्ञानलाई ध्वंस म नै गरी दिन्छु। त्यसकारण त्यसले कुनै शोक गर्नु पर्दैन। आदि।

"म हूँ परमात्मा, म प्रमाता हैन" यस्तो निश्चयवान ज्ञानीभक्तलाई कुनै प्रकारको संसारको ईच्छा रहंदैन किनकि "म हूँ प्रमाता' भन्ने अज्ञानिलाई मात्र विषयको इच्छा हुन सक्दछ। यसको कारण यो हो कि जबसम्म आफूलाई प्रमाता भनी निश्चय गर्दछ तबसम्म उसलाई विषयको ईच्छा भै नै रहन्छ। जस्तो पानीको स्वभाव हो चीसो त्यसरी नै प्रमाताको स्वभाव हो पदार्थको ईच्छा गरी रहनु। तर ज्ञानीभक्तको 'म हूँ प्रमाता' यस्तो निश्चयलाई "म हूँ परमात्मा" यो उत्तम निश्चयले क्रोडिकृत गरेको हुनाले स्वतः त्यसको यस्तो चैतन्यको निश्चय भएको बुद्धिमा विषयको ईच्छा हुन सक्दैन। किनकि जसरी प्रमाताको धर्म ईच्छा गर्नु हो त्यसरी परमात्माको स्वभाव किम्वा धर्म हो निरिच्छित हुनु। यसको कारण यो हो कि यो ज्ञानीभक्त आफूलाई चित्तसित मिलेको सानु जिव भनी निश्चय गर्दैन र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

म हूँ सारा चित्त विकारको द्रष्टा, चैतन्य स्वरूप भगवान भनी निश्चय गरेको हुन्छ। यस्तो चैतन्य स्वरूपको निश्चयवान ज्ञानीभक्तलाई स्वतः संसारको ईच्छा उठ्न सक्दैन। किनकि ईच्छाको कारण चित्तमा यो भक्तको आफू बुद्धि छैन।

यसरी संसारका सारा ईच्छा निवृत्तवान ज्ञानी भक्तको तब के काम बांकि रह्यो ? यसको जवाफ हो कि यो ज्ञानीभक्तको संसारको कुनै ईच्छा बांकि नरहेको हुनाले संसारमा यसको कुनैकाम बांकि रहंदैन। यो उत्तम भगवद्भक्त सर्वधर्म किम्वा कर्मको परित्याग पूर्वक आत्म साक्षात्कारको लागि मात्र यत्न गरी रहन्छ। जसरी राज्य प्राप्तिमा यत्नवान महापुरुष ग्राम प्राप्तिको यत्नमा लागि रहंदैन त्यसरी नै सारा ईच्छाको अभाव भएको यो ज्ञानीभक्त पनि संसारका पद-पदार्थको लागि यत्न नगरिकन आत्मपद प्राप्तिमा नै यत्नशील रहन्छ। किनकि सत्य र सुखरूप वस्तु हो एकमात्र आत्मा नै। त्यस बाहेक यो परिदृश्यमान यावत् जगत हो मृग मरिचिका र स्वप्नको पदार्थ झैं मिथ्या। यस्तो जानेर असार संसारको यत्न परित्याग पूर्वक आत्म वस्तुको प्राप्तिको प्रयत्नमा लागी रहन्छ। यै हो ज्ञानीभक्तको विशेषता।

यो अखण्ड स्थिति हो ज्ञानीभक्तको स्वाभाविक स्वभाव। यस्तो अखण्डाकारवृत्तिमा यो ज्ञानीभक्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफ्नो स्वरूप देखि अभिन्न परमात्म स्वरूपको अनुभव गर्दै रहन्छ। किनकि बुद्धिको अखण्ड स्थिति हो परमात्मानुभवको एकमात्र साधन। खण्डित वृत्ति जसरी संसारको दर्शन गरी रहन्छ त्यसरी अखण्डाकार बुद्धि सत्य आत्मवस्तुको नै स्वाभाविक अनुभव गर रहन्छ। यो परम अखण्डाकार बुद्धिलाई नै ज्ञान भनेको छ। किनकि चञ्चल बुद्धिमा प्रतिबिम्बित चैतन्य परमात्मा अज्ञानको ध्वंसगर्न सक्दैन र शुद्धचैतन्य पनि अज्ञानको विरोधि नभएको हुनाले अज्ञानको नाशक हुँदैन। परमअखण्ड बुद्धिमा प्रतिबिम्बित चैतन्य देव परमात्मा नै संसारको मूलकारण अज्ञानको ध्वंसमा एकमात्र कारण हुन्छ। परमात्माको प्रसन्नताले यस्तो अखण्डाकार बुद्धिको उत्पत्ति गराएर परमात्मा आफ्नो परमप्यारो ज्ञानीभक्तलाई संसार सागरबाट (अज्ञानाअन्धकारबाट) उद्धार गरी दिनु हुन्छ। यसरी "म हूँ परमात्मा" यस्तो निश्चयवान ज्ञानीभक्तलाई चित्तको एकाग्रता र त्यसको फलले प्राप्त चित्तको निरोध स्थिति पनि स्वयं परमात्मानै प्रदान गर्नु हुन्छ।

एकमात्र यस्तो ज्ञानीभक्त संसार समुद्रबाट उद्धार पाउनकोलागि यत्नशील रहन्छ। अरू हैन। तर खास ज्ञानवानको "भाष्य सम्मिलित टीकाको" अभावले गर्दा आजकल प्रायः यै ज्ञानीभक्तको भूमिकालाई नै जीवन्मुक्तिको स्थिति भनी मानेर परमात्म प्राप्तिमा यत्नशील साधु पुरुषहरू पनि सम्पूर्ण वासनाको ध्वंस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूर्वक ब्रह्मको साक्षात्कारमा प्रयत्नशील हुँदैनन् । उनीहरू व्यर्थै मुक्तिको अनुभव गरी रहन्छन् । र यो ज्ञानी भक्तको भूमिकालाई नै चौथो, पांचौं र षष्ठि ज्ञानभूमिका भनी मानी रहन्छन् । तर यो भूमिका हो साक्षात्कारको योग्य शुभेच्छारूप प्रथम भूमिका । एकमात्र मोक्षको (सारा दुःखको निवृत्ति र परमानन्दको प्राप्तिको ईच्छुक) भूमिका । यो अत्यन्त सावधानको साथ ब्रह्मज्ञानी महापुरुष र गीतामृत जस्तो प्रमाण तात्पर्य टीकाबाट जान्नु सबै मोक्षकामी पुरुषहरूको परम कर्तव्य हो ।

गीताका अनन्त टीकाहरूछन् तर सबै टीकाहरू मोक्षाभिलाषि सज्जनहरूको निम्ति उपयोगी छैनन् । यसको कारण यो हो कि ती टीकाहरूमा समन्वय र भाष्यमा पक्षपात छैन । प्रमाण तात्पर्य टीका हो भाष्य अविरोधि, भगवानको आन्तर आशयको स्पष्ट प्रकटीकरण र परस्पर समन्वयमा पूरा जोड़ र साथै भगवान वशिष्ठको सिद्धान्तमा सम्मिलित । यो अर्थवाद हैन अपितु परम सत्य हो ।

यसरी यद्यपि भक्ति मुक्तिको साक्षात्कारण हैन तथापि भक्ति विना मुक्ति कसैलाई पनि मिल्न सक्दैन । किनकि भक्ति द्वारा नै ज्ञानको प्राप्ति हुन्छ र ज्ञानबाट नै मानिसलाई मुक्ति मिल्दछ । ज्ञान नै हो मुक्तिको एकमात्र साक्षात् कारण । अंधेरोको विरोधि उज्यालो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भै अज्ञानको विरोधि हो ज्ञान। त्यो ज्ञान हो उत्तम भक्तिबाट उत्पन्न अखण्डाकार बुद्धिवृत्तिमा प्रतिबिम्बित चैतन्य स्वरूप भगवानको अनुग्रह।

यद्यपि मानिस पहिले, अहिले र सधैंनै मुक्त रूप नै हो तथापि त्यो वस्तुस्थितिबाट कुनै लाभ हुँदैन। जसरी पृथ्वी भित्र गडेको धनले मानिसलाई गरीबिपनबाट निवृत्ति गर्न सक्दैन, त्यसरी नै "म हूँ मुक्तरूप" यस्तो ज्ञान पूर्वक जान्नु बिना मानिस सर्व दुःखबाट निवृत्त हुन सक्दैन र फलस्वरूप "म हूँ बन्धन युक्त, चिन्ता शोकले पिडित, जन्म मरणवान प्राणि" भन्ने निश्चय पूर्वक नै जीवन बीति रहेको हुन्छ। त्यस कारण उत्तम भक्तिको संग्रह पूर्वक सर्वप्रथम एकमात्र मोक्षप्राप्ति हो मेरो परम काम भन्ने निश्चय गरेर सम्पूर्ण संसारको उच्छेदका लागि ज्ञानाभ्यासमा यत्नशील हुनु पर्दछ। तबमात्र त्यो अखण्डाकार वृत्तिमा आफ्नो वास्तव ब्रह्मस्वरूपको ज्ञान प्राप्ति हुन्छ र पुनः पृथिवीको धन खननको सहारामा प्राप्त भएर मानिस सुखी बनेझैं आफ्नो परमानन्द स्वरूपको प्राप्ति पूर्वक चिर सुख वा मुक्ति सुखको अनुभव गर्न सक्दछ। नभए आफू संधै मुक्त भएर पनि बन्धनयुक्त नै ठानेर जिवभावको दृढतामा नै (संसारको अर्जन रक्षणको जालमा) फंसेर सन्ताप भोग्नु पर्दछ। यो अत्यन्त कष्टको विषय हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मानिसलाई धन जनको अभावले कष्ट भएको छैन । मानिसलाई कष्ट हुनामा एकमात्र कारण हो भक्ति सर्वस्वको अज्ञान र तत्प्रसादवाट स्वरूप साक्षात्कारको अभाव मात्र । त्यस कारण कष्टको निवारणको लागि विषय यत्नलाई परित्याग गरिकन उत्तमोत्तम भक्तिको अर्जन गरी ज्ञान प्राप्ति पूर्वक आफ्नो सनातन अविनाशि चैतन्य स्वरूप ब्रह्मको साक्षात्कार गर्नुपर्छ । यसैवाट सारा मानवको कष्ट, दुःख र सम्पूर्ण समस्याको समाधान हुन सक्दछ । अरू कुनै उपायले हुन सक्दैन ।

त्यसकारण आधुनिक युगमा सम्पूर्ण विषयहरूको उपलब्धिवाट पनि शान्ति नपाएका मानवहरू पनि यस प्रकारको भगवद् आज्ञा र उसको सिद्धान्तमा श्रद्धा गरे त्यो अभावको पूर्ति सहजले हुन्छ र त्यो सम्पूर्ण दुःख र समस्याको समाधान एक दुई साल का लागि मात्र हैन सदाका लागी निवृत्त भएर परमानन्दको लाभ गरी हाल्छ । फलस्वरूप जनकादि झैं संसारमा असंग भएर विचरण गर्दछ । यै हो हाम्रो हिन्दू संस्कृतिको महान देन र उदारता । त्यस कारण यो दर्शन हो सर्वदेशीय । एक देशीय र एक जातीय हैन । किनकि सारा मानव धेरै प्रकारको चेष्टा पूर्वक दुःखको अभावमा र सुखको प्राप्तिका नै यत्न गरी रहेका हुन्छन् । तर त्यो कदापी वाहीरको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वस्तु उपलब्धि र प्राप्तिबाट संभव छैन। यसको कारण यो हो कि वास्तवमा सुखरूप वस्तु हो मानिसको आफ्नो आत्म स्वरूप नै। त्यस कारण जति वस्तुको संग्रह गर्दछ त्यो अरूको लागी गरेको हुँदैन किन्तु त्यो आफ्नो लागी नै हुन्छ। यदि कुनै वस्तुले आफूलाई आनन्द दिँदैन भने मानिस त्यो वस्तुलाई त्यागी हाल्छ। याहांबाट शिद्ध हुन्छ आफू नै हो परम प्यारो वस्तु। यस्तो आफ्नो स्वरूप प्राप्तिमा मात्र परिसमाप्त भएको हिन्दू संस्कृति किम्वा हिन्दू दर्शनको कुनै देश र कुनै जातिले वास्तवमा अस्वीकार गर्न सक्दैन। त्यसकारण यो हो अत्यन्त व्यावहारिकता।" ‡

‡ २२७ ज्येष्ठ २२ गते बृहस्पतिवारमा त्रिभुवन विश्वविद्यालय नेपालमा अखिल अद्वैतविश्वविद्यालयका कुलपति, अद्वैत संस्था नेपालका संस्थापक, श्रोत्रिय ब्रह्मनिष्ठ डा. चक्रवर्तीज्यूले दिनु भएको "आधुनिक युगमा वेदान्त दर्शनको व्यावहारिक महत्व" प्रवचन हेर्नु होस।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



सागर श्रेष्ठ

"अद्वैत रत्न, देशिकोत्तम"

उपसभापति : वि० विमर्श विभाग अद्वैत संस्था,

रजिष्ट्रार : "स्वरूप ज्ञापक" अद्वैत विश्वविद्यालय,

सचिव : अद्वैत महाविद्यालय खुदीवेनी (ज्ञानभूमि) लमजुङ्ग,

भूतपूर्व महा-सचिव

प्रथम राष्ट्रव्यापी अद्वैत दिग्विजय समारोह (ज्ञान-महायज्ञ)

नेपाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अद्वैत संस्था विरोध विमर्श विभागका उपसभापति, "स्वरूप ज्ञापक" अद्वैत विश्वविद्यालय नेपालका रजिष्ट्रार श्री सागर श्रेष्ठले गण्डकी अञ्चल समितिको तत्त्वावधानमा आयोजित अञ्चलाधीश श्री कृष्णमान श्रेष्ठको सभापतित्वमा जिल्ला प्रशासकीय भवन रत्नपुरी पोखरामा २०२७ आषाढ १६ दिउँसो दिनु भएको प्रवचन —

"परमेश्वरको सत्ता"

आदरणीय सभापतिज्यू,
आमन्त्रित उच्च पदाधिकारी प्रशासकवर्ग,
विद्वद्वर, कवि, साहित्यकार
र
शिष्ट महिलावृन्द,

श्रीमान अञ्चलाधीशज्यूको आमंत्रण पाएर आज यस विशाल जनसमुहको अगाड़ि उपस्थित भै "परमेश्वरको सत्ता" विषयमा २।४ शब्द बोल्न पाउँदा म आफूलाई गौरवशाली ठान्दछु। साथै यो भव्य गोष्ठीको आयो-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जना गर्नु भएकोमा अध्यात्मप्रेमी अञ्चल समिति परिवार प्रति पनि म आफ्नो हार्दिक सद्भावना ज्ञापन गर्दछु ।

शान्ति र सुखको बाटो फिंजाउने
महेन्द्र, रत्न चिरायु रहुन् ।

राजा नै हाम्रो हृदय संगैको निर्मल ज्योति जुहार हो ।
राजा नै हाम्रो जीवन-पथको चन्द्र र सूर्य (मुहार) हो ॥

वैदिक मार्ग र ज्ञान रूचाउने
राजा र रानी चिरायु रहुन् ।

राष्ट्रियता अनि एक करोड़को प्राणपखेरू नृपति हुन् ।
नेपाली सबको सन्ताप हर्ने हिमाली हावा भूपति हुन् ॥

अद्वैत संस्थाको ज्योति जगाउने
अद्वैतवादको बगैंचा लगाउने
महेन्द्र राजा चिरायु रहुन् ।

परमात्म-तत्त्व अत्यन्त सूक्ष्म छ । त्यसलाई स्थूल दृष्टिले भेटाउन -(जान्न)- सकिंदैन । त्यसकारण तत्त्व थाहा पाउनु भन्दा पहिले त्यसको लागि आवश्यक योग्यता आर्जन गर्नु पर्छ । योग्यता प्राप्त गर्नुको आशय ईश्वर सम्बन्धि ज्ञानको अधिकारी बन्नु हो । अधिकारी बन्नका लागि हाम्रा शरीरमा जति इन्द्रियहरू छन् ती सबैलाई सदुपयोगको साँचोमा ढालेर सफा र पवित्र तुल्याउनु पर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सदुपयोगको अर्थ — हाम्रो मुख केवल बोल्न र खानका लागि मात्र बनेको हो भनेर जथाभावी बोल्नु -(सांसारिक कुराकानी मात्र गर्नु)- र भक्त अभक्तको विचार नगरी जे पायो त्यो खानु होइन। जीभ्रोको काम स्वाद लिनु त हो नि भनेर बुद्धि र मस्तिष्क बिगार्ने पदार्थको उपभोग गर्नु होइन। नाक केवल सुँघ्नको लागि मात्र हो भनेर जे पायो त्यै सुघ्नु होइन। यी दुई आँखा केवल हेर्नका लागि मात्र तयार भएका छन् भ र जहाँ पायो त्यहाँ जे मन लाग्यो त्यो हेर्न होइन। यी दुई कान केवल शब्द ग्रहणका लागि मात्र हुन् भनेर संसारका अनावश्यक कुराहरू सुन्नु होइन। टाउको केवल बुलबुले पाल्न र अनेक किसिमका टोपी लगाउन मात्र बनेको होइन। यी दुई हत्केला केवल साहु असामी, व्यापारी र बैंकको क्याशियर भै रुपियाँ पैसा लिनु दिनु गर्नका लागि मात्र बनेका होइनन्। यी दुई खुट्टा केवल होटल, सिनेमा र कुनै हाँसो लाग्दो रगमंचमा पुग्नका निम्ति मात्र तयार भएका होइनन्।

इन्द्रियहरुको सदुपयोग भनेको के हो? यसको उत्तरमा भनिन्छ कि मुख र जिभ्रोको सदुपयोग ईश्वरको भजन हो। श्रीमद्भागवद्मा भनेको छ— "जीभ्रो पाएर पनि जसले भगवानको भजन गर्दैन त्यसले पाएको जीभ्रो भ्याकुताको बराबर हो।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आँखाको सदुपयोग सारा जगतमा ईश्वर देख्नु हो। कानको सदुपयोग सत्संग आदि ज्ञानका कुरा सुन्नु हो। टाउकाको सदुपयाग भगवानको मूर्ति, ज्ञानी गुरु र माता-पिताको पाउमा झुकाउनु हो। हातको सदुपयोग ईश्वरतत्त्वको ज्ञान दिने शास्त्रहरू लिनु हो। खुट्टाको सदुपयोग जहाँ धर्मशास्त्रको वर्णन हुन्छ, जहाँ सत्संग -(ब्रह्मसभा)- हुन्छ, जहाँ सज्जनहरूको समागम हुन्छ त्यहाँ जानु हो।

एवंप्रकारले हाम्रो शरीर भित्र मन, बुद्धि, चित्त र अहंकार पनि छन्। तिनलाई अन्तःकरण भनेको छ। तिनीहरूलाई पनि सदुपयोगमा ढाल्नु पर्छ किनकि अन्तःकरणको निर्णयानुसार हाम्रो शरीर चल्दछ। जस्तो मनले आज सिनेमा हेर्न जाउँ भन्दा हामी सिनेमा हेर्न जान्छौं। मनले होटेलमा गएर रम, जीन, ह्विस्की, ब्राण्डी आदि मादक पदार्थ पिएर मोज मज्जा गरौं भन्छ त्यै अनुसार हामी जान्छौं र काम पनि गर्छौं। मनले नै अरूलाई मार, पिट, भत्काउ, तोड़, फोड़ इत्यादि भन्छ अनि हामी त्यसैमा प्रवृत्त हुन्छौं। हामीले हाम्रो मनलाई छाडा छोड़ेका छौं। हुँदा हुँदा हाम्रो मन जंगलको मत्ता हात्ती झं बनी सक्यो। हामीले मनलाई आफ्नो अधिनमा राख्न सकेका छैनौं। हामी मनको सारथी भैकन पनि मनको दास बनेका छौं। मनले जता भन्यो उतै जाने मनले जे खाउ भन्यो त्यै खाने, मनले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जे गर भन्यो त्यै गर्ने, मनले जता हेर भन्यो उतै हेर्ने गर्दा गर्दै मनले हामी माथि एकतन्त्रीय शासन चलाउन थाल्यो। फलस्वरूप हामी दुर्बल भयौं र मनको जबर्दस्ती शासनबाट हामी कहिल्यै पनि मुक्त हुन सकेनौं अनि हामी दुःखित र चिन्तित बनी रहेका छौं। वास्तवमा हामी नै हौं मनको शासन कर्ता। मन हाम्रो नोकर हो, हामी मनका मालिक हौं। मन हाम्रो सिपाहीं हो, हामी मनका राजा हौं। यो कुरा बुझ्न र बुझाउन विश्वमा अद्वैत संस्थाको खाँचो छ, सत्संगको आवश्यकता छ।

अब म आफ्ना विषय तिर जान्छु– ज्यादा बहिर्मुखता बढेको हुनाले हिजो आजका मानिसहरूले ईश्वरको अतीत्व प्रति ठाक ठीक निर्णय गर्न सकेका छैनन् सारा मानिस अलमलमा परेका छन। खास गरेर शिक्षित युवकहरू ईश्वरलाई खुल्ला दिलले मान्दैनन्। मैले कालेजका केही विद्यार्थीहरूसित पनि यस विषयमा छलफल गरें। मलाई लाग्यो, ईश्वर प्रति उनीहरूको धारणा अस्पष्ट छ। कुनै पनि शिक्षा हासिल गर्नुको उद्देश्य आफ्नो देशमा प्रचलित सनातन धर्म किम्वा नीतिको मेरूदण्ड भाँचेर समाजमा शोकमोहवाद –(अनैतिकता, अमानवता, अधार्मिकता, अनिश्वरवादीता)– को सूत्रपात गर्नु होइन। बरू मानवीय रंगमंचमा प्रारम्भिक सोपान देखि नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मान्दछ उसलाई ठूलो लाभ हुन्छ । कस्तो लाभ ? सुख हुन्छ, शान्ति हुन्छ, आनन्द हुन्छ अनि मोक्ष सम्म पनि प्राप्त गर्छ ।

मानिसहरूको भनाइ छ– "यो विज्ञानको चमत्कारी युगमा ईश्वर कसरी मान्ने ?" यो कस्तो अन्धता ? के ईश्वर मान्न आजको युग नै तगारो वन्यो त ? डाँडामा मोटर दौड्यो, अन्तरिक्षमा राकेट उड्यो, अनि चन्द्रलोकमा मान्छे पुग्यो भन्दैमा के ईश्वरले संसारबाट वीदा लिन्छ ? के ईश्वर हराउँछ ? के ईश्वरलाई हाईड्रोजन, ऐटमबमले ध्वस्त –(चकनाचुर)– पाऱ्यो त ? के जगतको अवनति र उन्नतिमा ईश्वरको भाव र अभाव हुन्छ ? के वैज्ञानिकहरू ईश्वरलाई मान्दैनन् ? यी समस्त शंकाको समाधान श्रुति, उपनिषद र भगवान श्रीकृष्णले पनि दिनु भएको छ :— ईश्वरः सर्वभूतानां हृद्देशेऽर्जुन तिष्ठति । भ्रामयन् सर्वभूतानि यन्त्रारूढानि मायया ।।" –(गीता १८।६१) ।

आकाशमा अनेक किसिमका जेट विमानहरू उडन थाले भन्दैमा संसारबाट ईश्वर भागेर जांदैन, किन-भने ईश्वर कुने जंगलको जनावर होइन, 'फू:' गर्दा उड़ेर जाने क्राइवेन चुरोटको धुवाँ होइन, ढुंगामा ठक्कर लागेर पुट्ने कुकुरको फूल र रक्सीको वोतल होइन, जन्मेर मर्ने प्राणी होइन, एक रात वास वसेर जाने पाहुना होइन, धपाएर धपिने वांदर होइन,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थुनेर थुनिने कैदी होइन। 'ईश्वर वसाँइ सक्यो' अथवा 'हरायो' भनेर आजसम्म संसारमा जन्मेका प्रसिद्ध वैज्ञानिकहरूले लेख्न र भन्न सकेका छैनन्, न त 'ईश्वरको देहावसान भयो' भनेर कुनै राष्ट्रबाट तार टेलिफोन नै आएको छ।

ईश्वरलाई हेर्न न दूरबीन चाहिन्छ, न अणुवीक्षण यन्त्र चाहिन्छ, न त यो आँखा नै। तर विवेक-विचार भने चाहिन्छ। ठीक ठीक अन्वेषण गऱ्यौं भने सबै भन्दा नजिकको वस्तु ईश्वर नै हुन् आउँछ। यदि ईश्वरलाई कसैले टाढा र अभाव मान्छ भने उसले आफ्नो जीवन सितैमा गुमायो। हामीले ईश्वरलाई देख्न नसके पनि ईश्वरले हामीलाई आमाको गर्भमा छँदा देखि नै देखि राखेको छ। ईश्वर व्यापक हो जहाँ पनि छ, ईश्वर सर्वशक्तिमान हो जे पनि गर्न सक्छ, ईश्वर सर्वज्ञ हो सबै कुरा थाहा पाउँछ, ईश्वर सत्य हो नाश हुँदैन, ईश्वर ज्ञानस्वरूप हो त्यसमा अज्ञान छैन, ईश्वर सुखस्वरूप हो त्यसमा दुःख छैन, ईश्वर टाढा छैन हामी भित्रै छ, त्यो अरू होइन हाम्रो वास्तविक स्वरूप हो। मैले सुनेको छु- यौटा मूर्खले होस हराएको वेलामा मेरो अगाडि आएर भनेका थिए- "ईश्वर छैन छैन, छ भने तेरो ईश्वर कहाँ छ? देखाउ" मैले जवाफ दिएँ- "आँखा चिम्लेर हेर, ईश्वर त तिम्रै आँखाको नानी भित्र छ। हाम्रो अनुभवमा जति नजिक ईश्वर छ त्यति नजिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संसारको कुनै वस्तु छैन, न पहिले थियो, न अहिले छ, न त पछि नै हुन सक्ने छ।"

सब भन्दा नजिकको वस्तु ईश्वर भए हामी किन देख्न सक्तैनौं? ठीक हो, नजिकको वस्तु होस् तापनि विभिन्न कारणले गर्दा हामीलाई देख्न गाह्रो पर्छ। जस्तो आँखा वरिपरिका गाला, कान, आँखी भौं, निधार र टाउको हामी आँखाले पनि देख्न सक्तैनौं। त्यतिमात्र होइन अत्यन्त नजिक भएको आँखा भित्रको गाजल र आँखाको नानीलाई नै आँखाले देख्न सक्तैन। आकाशमा उड्ेको पंछि टाढा पुगेपछि देखिदैन। अन्धाले कुनै रूपलाई देख्न सक्तैन। मनको चञ्चलताले गर्दा नजिकको पदार्थ पनि प्रतीत हुँदैन। सूक्ष्म परमाणु देखिदैन। राजमहलको पर्दा भित्र बसेकी महारानीलाई बाहिरबाट देख्न सकिदैन। आकाशका असंख्य ताराहरू दिनमा देखिदैनन्। वर्षाकालको जल समुद्रमा मिले पछि त्यसबाट पृथक देखिदैन। दूधमा घ्यू र तीलमा तेल भएर पनि देखिदैन। आफ्नो अगाडि भएको छाया देखिदैन, दाल तरकारीमा आफैले राखेको नुनको डल्लो र चियामा राखेको चिनी बिलाए पछि देखिदैन तापनि मुखमा राखे पछि नुनिलो र गुलियोको स्वाद आइ हाल्छ। के देखिएन भन्दैमा वस्तुको अभाव मान्ने? आँखाको भरमा परेर वस्तुको भाव र अभावको निरूपण हुन सक्तैन। वस्तुको भावाभाव निर्णय गर्ने दोव्य चक्षु चाहिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञानका लागि तर्क र शंका होइन श्रद्धा र विश्वासको आवश्यक पर्छ। भगवान श्रीकृष्णले पनि 'श्रद्धावान् लभते ज्ञानम्' भन्नु भएको छ, ('शंकावान् लभते ज्ञानम्' भन्नु भएको छैन)। कृष्णको वचन काट्न कृष्ण भन्दा सिपालु हुनु पर्छ, तब हुँदैन। अर्कोकुरा के भन्ने- आज सम्मका ज्ञानी महापुरुषहरूले श्रद्धा र विश्वास- लाई नै आधार बनाएर आफ्नो जीवन आनन्दमय तुल्याउनुको साथै व्यापक बनाएका छन्।

यहाँ कति नियमहरू छन् ती नियमबाटै नियामकलाई देख्न सकिन्छ। यहाँ कति कार्य छन् ती कार्यबाट सिद्ध हुन्छ। गाउँ, जिल्ला, अञ्चल र देश चलाउन त प्रधानपञ्च, जिल्ला सभापति, अञ्चलाधीश र राजा चाहिन्छ भने यो दृश्यमान विश्व सञ्चालन गर्न यौटा महापुरुष चाहिँदैन होला र? अवश्य चाहिन्छ, त्यो महापुरुष हो ईश्वर। यहाँ जन्म-मरण छ, संयोग- वियोग छ, लाभ-हानि छ, स्त्री-पुरुष छ, रोगी र निरोगी छ, ठूलो र सानो छ, अग्लो र होचो छ, मोटो र दुब्लो छ, कालो र गोरो छ, दिन र रात छ, अंधेरो र उज्यालो छ, प्रातः र सन्ध्या छ, भित्र र बाहेर छ, भाक र तिर्खा छ, सुख र दुःख छ, जाड़ो र गर्मी छ। एवंप्रकारले परस्परमा मेल नखाने परिवर्तनशील नियमहरू देखाउँदै जसले विश्वको अखण्ड शासन गर्दै आइ रहेको छ र जसको शक्तिबाट यो पृथ्वी नै कम्पायमान हुन्छ त्यो शक्तिशाली र अपरि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वर्तनीय तत्त्व हो परमात्मा ।

यदि ईश्वर नहुँदो हो त को संसार चलने ? नियामक बिना नियम बन्दैन र कर्ता बिना क्रिया हुँदैन । जस्तो अहिले मेरो हातमा यो 'साँझको जून' भन्ने पुस्तक छ । यो देख्ने बित्तिकै यसको लेखकलाई नदेखे पनि, (नचिने पनि, लेखकको नाम न सुनेको भए तापनि) लेखक अवश्य नै छ भन्ने कुरामा तपाईहरू विश्वास गर्न सक्नु हुन्छ, किनकि यो पुस्तक स्वतः बनेको अर्थात् परमाणु रचित नभै कुनै लेखकको रचना हो । त्यस्तै यो जगतको निर्माता छ, व्यवस्थापक छ, सञ्चालक छ । यदि कसैले यो जगत ईश्वर रचित होइन परमाणु रचित हो भन्न सक्छ भने उसले यो टेबुल, यो मेच, यो भवन पनि परमाणु रचित हो भान्छेले बनाएको होइन भन्न सक्नु पर्दछ । यो त कसैले भन्न सक्तैन । ख्याल गर्नु पर्छ कि- फलाम नाच्यो भन्दैमा नाच्ने शक्ति फलाम मै छ भन्ने पछि लाग्न हुँदैन । जब फलाम नाचेको देखिन्छ तब त्यहाँ नजिकै चुम्बक रहेछ भन्ने कुरा थाहा पाउनु पर्छ- यो न्याय हो । जसरी चुम्बक आफू नचलेर -(एकै ठाउँमा बसेर) पनि आफ्ना वरिपरिका फलामका टुक्राहरूलाई चलाउँछ त्यसरी नै ईश्वर आफू नचल्ने र नदेखिने भएर पनि सारा संसारलाई चलाई राखेको छ । तात्पर्य के भने चुम्बकको सत्ता बिना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फलाम चल्न नसके मैं चैतन्यको सत्ता बिना प्रकृतिमा सृष्टि आदि क्रियाशक्तिहरू उत्पन्न हुन सक्ते नन्

अर्को कुरा— यौटा कनिका जत्रो बीउबाट भयंकर रूख बृक्षहरू उम्रन्छन् अनि ठूला ठूला वर पीपलको बोटलाई सानु बीउ भित्र राखि दिएको छ। यो कसको शक्ति हो? संसारमा असंख्य प्राणीहरू छन् ती सबैका अनुहार बेग्ला बेग्लै छन् यो कसको चमत्कार हो? गर्भ भित्रको शरीरमा प्राण-वायु भरेर फेरि बाहिर निकाल्नु यो कसको खेल हो? आमाको पेटभित्र छदा दश मैन्हासम्म त्यो कलिलो बालकलाई रक्षा गर्नु यो कसको तागत हो? बालक जन्मने बित्तिकै आमाको छातीमा दूधको अविस्कार गर्ने कुन वैज्ञानिक हो? संधै पृथ्वी भित्र बस्ने हात खुट्टा नभएको गड्यौंलालाई मुखमा आहार पुऱ्याउने को हो? आमाको पेट भित्र जहाँ न चटकी छ, न त कुनै वैज्ञानिक नै छ त्यहाँ यो शरीरको रचना गर्ने कुन अविस्कारक हो? जसको न खेती छ, न जागीर छ, न जग्गा छ, न पेन्शन छ, न व्यापार छ, न घर छ, त्यस्तो क्यै पनि नभएको आकाशमा उड्ने वनमा बस्ने चराहरूको पालन पोषण गर्ने कुन बहादुर हो? पुतलाहरूको पखेटामा अनेक किसिमका रंग रोगन भर्ने कुन कलाकार हो? जुनकिरीको शरीरमा बलेको बत्ती कुन देशको बिजुली हो र कसले बालेको हो? यी सम्पूर्ण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

युक्ति, प्रमाण र अनुभववाट जगत सञ्चालक परमात्माको सत्ता स्वतः सिद्ध हुन्छ। ईश्वर सत्ताका प्रमाणहरू लाखौं छन् जो भनेर सकिने कुरा होइन। त्यसकारण हामीहरू सबै त्यस परमात्मालाई चिनौं –(प्राप्त गरौं)– जुन ज्ञानवाट हाम्रा जीवनमा परेका सारा कठिनाई र समस्याहरूको समाधान हुन्छ, सम्पूर्ण शोक र मोह नाश हुन्छन्। यही नै मानव मात्रको एक मात्र लक्ष्य हो।

ईश्वरको अस्तित्व प्रति कसैलाई शंका भए प्रातः स्मरणीय अन्तरात्म निवासी भगवान पशुपतिनाथ र पूज्य गुरुवर डा० चक्रवर्तीको आशिर्वाद तथा ईश्वर-मूर्ति श्री ५ महाराजाधिराज सरकारको मंगलमय कामनानुसार म आफूले सकेको समाधान गर्न तैयार छु।

अद्वैत संस्थाको सन्देश छ — विश्वका कुनै पनि मानिसलाई वास्तविक सुख र शान्ति चाहिन्छ भने यो संस्थाको सिद्धान्त –(आत्मज्ञान)– लाई ग्रहण गर्नोस किनकि अद्वैत संस्था अज्ञानान्धकारलाई ध्वस्त पारी दिने ज्वालामुखी हो, मनका सम्पूर्ण परितापलाई चकनाचुर गरि दिने ऐटम्बम हो, भौतिकताको प्रतिबन्धवाट सोझै माथि उकाली दिने हेलिकोप्टर हो, चन्द्र सूर्यको प्रकाशक चैतन्य परमधाममा पुऱ्याई दिने जेट्विमान हो, विश्वशान्तिको उत्पादन गर्ने विश्वकल्याणकारी कारखाना हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्तमा– राजा र गुरुको दीर्घायु कामना गर्दै म आफ्नो वक्तव्य टुङ्गयाउँछु ।

जय देश !

जय नरेश !! जय गुरु !!!

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(9)

वाल्मीकिविद्यापीठपु

प्रत्यावर्तनति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

डा. चक्रवर्ती :

सन १८९६ मा पश्चिम बंगालमा जन्म । सन मा त्रिचन्द्र कलेज काठमाण्डूमा प्राध्यापकको प्रवेश । अविच्छिन्न २६ वर्ष नेपालको सेवा । सन मा बनारसमा भएको धर्म संघको अधिवेशनमा सरकारको तर्फबाट प्रतिनिधि । वि. सं. २० सुप्रसिद्ध संस्थाको संस्थापक-नेपालमा प्र देखी अद्वैत दान्तमा प्रवेश र निष्णात । अधिराज्यका अद्वैत विश्वविद्यालयहरूका कुलपति

गोविन्दराम सरस्वती :

वि. सं. १९८७ मा वन्दीपुर बजार (पश्चिम नेपाल) मा जन्म । बालककाल देखी नै अद्वैत वेदान्तमा रूची ब्रह्मनिष्ठ डा. चक्रवर्तीका प्रमुख चेला । अत्यन्त गुरुभक्त गुरुभक्त रत्न स्व.ख.लालप्रसादका स्नेह भाजन । २०२३ मा अद्वैत संस्थाका उपसभापति (स्वर्णपदक)२०२५ मा अद्वैत संस्थाका

सागर देशिकोत्तम :

वि. सं. १९९३ मा वन्दीपुर बजार साहित्यका नवोदित कवि । संस्थामा प्रवेश । खुद्दी आदर्श शाखाके संस्थाका सक्रीय कार्यकर्ता । अद्वैत रत्न ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu